लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ५७०

मिति: २०८३।०६।२८ गते

ने.सं. ११४६

प्रेस विज्ञप्ति

लागु औषध खैरो हेरोईन ९६ ग्राम सहित १ जना मानिस पक्राउ।

मिति २०८३।०६।२६ गते जिल्ला काठमाण्डौं तार्केश्वर न.पा. ४ स्थितमा लागु औषध कारोवार भइरहेको छ भन्ने गोप्य सूचनाको आधारमा लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला रसुवा, उत्तरगया गा.पा. वडा नं. ५ ठेगाना भएका बर्ष २७ को सन्च बहादुर गोलेलाई लागु औषध खैरो हेरोईन सहित पक्राउ गरी यस कार्यालयबाट लागु औषध मुद्दामा अनुसन्धान भइरहेको।

बरामद दशी (सामान) को विबरण :

१. लागु लागु औषध खैरो हेरोईन - ९६ ग्राम

२. मोबाईल थान - १

३. डिजिटल तराजु थान - १

नोट:-

लागु औषध (नियन्त्रण) ऐन २०३३ मा भएको सजाय सम्बन्धी प्रावधान अनुसार बरामद लागु औषध खैरो हेरोईन ९६ ग्राम उपर १० देखि १५ सम्म कैद र ७५ हजार देखि २ लाख सम्म जरिवाना हुने कानूनी प्रावधान रहेको ब्यहोरा समेत सुचित गरिन्छ।

सह-प्रवक्ता

(जिवन निरौला)

प्रहरी नायव उपरीक्षक